महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal, Anamnagar, Kathmandu, Nepal

पत्र सङ्ख्याः २०८१।८२ मितिः २०८१।४।१७
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८१ श्रावण १७ गते बिहीबारका दिन महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा माननीय महालेखापरीक्षक श्री तोयम राया, नेपाल सरकारका मुख्यसचिव श्री लीलादेवी गड्तौला, सङ्घीय संसदका महासचिव श्री पद्मप्रसाद पाण्डेय, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल सहितको उपस्थितिमा सबै मन्त्रालय/निकाय/आयोगका लेखाउत्तरदायी अधिकृत तथा सबै सुरक्षा निकायको प्रमुखसँग आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षणका लागि तयार गरिएको वार्षिक लेखापरीक्षण योजना (२०८१।८२), लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिकाका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको सञ्चालन नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले गर्नुभएको थियो । सो क्रममा उहाँले लेखापरीक्षणको असल अभ्यासको रुपमा यस्तो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो । कार्यक्रमका क्रममा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले महालेखापरीक्षकको कार्यालयको संवैधानिक तथा कानुनी व्यवस्था, लेखापरीक्षणको क्षेत्र, प्रकार, विधि, पद्धति, ६१ औं वार्षिक प्रतिवेदनका मुख्य विषय तथा बेरुजुको स्थिति, यस वर्षको लेखापरीक्षणको नीति तथा वार्षिक कार्यतालिका, कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिने विषयहरू र कार्यालयको अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो।

प्रस्तुतीकरण पश्चात् लेखाउत्तरदायी अधिकृतहरूले आगामी लेखापरीक्षणमा गर्नुपर्ने सुधारका पक्षहरू तथा सुझावहरू राख्नुभएको थियो । कार्यक्रममा महालेखा नियन्त्रक श्री विनोद प्रकाश सिंहले समयमा नै वित्तीय प्रतिवेदन तयार गर्न सबै लेखाउत्तरदायी अधिकृतले सहयोग गर्नुपर्ने विचार राख्नुभएको थियो । उहाँले यस वर्षको आन्तरिक लेखापरीक्षणलाई थप परिष्कृत गर्दै गुणस्तरीय रुपमा सम्पन्न गर्ने गरि कार्य भैरहेको उल्लेख गर्नुभयो । कार्यक्रममा अर्थ सचिव डा. राम प्रसाद घिमिरेले लेखापरीक्षणका क्रममा कार्यालयका कर्मचारी र लेखापरीक्षकबिच दोहोरो सञ्चार भएमा लेखापरीक्षण थप गुणस्तरीय हुनुका साथै बेरुजु समेत कम हुने धारणा राख्नुभएको थियो । त्यसैगरी सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकालले हालको बेरुजुलाई कम गर्न तथा बेरुजु हुन नदिन खर्च गर्ने प्रक्रियामा र लेखापरीक्षण विधि पद्धतिमा सुधार गर्दै लैजानुपर्ने उल्लेख गर्नु भयो । सोहीक्रममा सङ्घीय संसदका महासचिव श्री पद्मप्रसाद पाण्डेयले वित्तीय अनुशासन कायम राख्न सबैको एकीकृत प्रयास आवश्यक हुने उल्लेख गर्दै हाल सम्परीक्षणका सम्बन्धमा देखापरेको समस्या समाधानका लागि प्रयत्न भइरहेको जनाउनु भयो । कार्यक्रममा मुख्यसचिव श्री लीलादेवी गड्तौलाले यस वर्षको लेखापरीक्षणमा जिम्मेवार व्यक्ति तथा लेखाउत्तरदायी अधिकृतले आवश्यक सहयोग गर्न, आर्थिक विवरण लगायतका प्रमाण कागजात समयमै लेखापरीक्षकसमक्ष पेश गर्न तथा प्रारम्भिक प्रतिवेदन उपर समयमा नै प्रतिक्रिया दिन सबै लेखा उत्तरदायी अधिकृतहरूलाई निर्देशन दिनुभएको थियो ।

माननीय महालेखापरीक्षकज्यूले लेखाउत्तरदायी अधिकृतहरूले राख्नु भएको जिज्ञासाको सम्बोधन गर्नु हुँदै प्राप्त रचनात्मक सुझावको लागि धन्यवाद ज्ञापन गर्नु भएको थियो । उहाँले पारदर्शिता, जवाफदेहिता तथा वित्तीय अनुशासन कायम गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राख्दै यस वर्षको लेखापरीक्षणमा समसामयिक तथा ज्वलन्त विषयहरूको विशेषरुपमा परीक्षण गरी प्रतिवेदन गरिने उल्लेख गर्नुभयो । उहाँले सम्परीक्षणमा देखिएको द्विविधा अन्त्यको लागि सबै सरोकार पक्षसँग सकारात्मक छलफल भइरहेको उल्लेख गर्नुभयो । यसका साथै लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर तोकिएको समयमा प्रतिक्रिया पेश गरी लेखापरीक्षणका व्यहोराहरूलाई समयमा नै सम्बोधन गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक/प्रवक्ता

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np


CamScanner